# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०६९/०७०
च.नं.

मिति :– २०६९।५।६

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०६९ साल श्रावण महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०६९।४।१ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं.१(एक)**

१५ औं नगरपरिषदको निर्णय बमोजिम २०६९।४।१ देखी एकिकृत सम्पत्ति कर लागु भएको हुँदा एकिकृत सम्पत्ति करलाई संस्थागत रुपमा व्यवस्थापन गर्न आवश्यक भएकोले साविकको वित्तिय इकाईलाई खारेज गरी न.पा. को संगठन संरचनामा राजश्व शाखा अन्तरगत एकिकृत सम्पत्ति कर उपशाखा स्थापना गरी सो उपशाखाको जिम्मेवारी ना.सु. श्री अमित कुमार श्रेष्ठलाई दिने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

१५ औं नगरपरिषदको निर्णय बमोजिम मिति २०६९।४।१ देखी लागु भएको एकिकृत सम्पत्ति कर कार्यान्वयनमा सहयोग, सहकार्य र सहभागिता दिनु हुने राजनीतिक दल उद्योग व्यापारीक संस्था, नागरिक समाज, सञ्चार जगत, बुद्धिजिवी एवं समस्त नगरवासीहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

एकिकृत सम्पत्ति कर मुल्याङकनका लागी न.पा. मा पेश भएको सम्पत्ति विवरण प्रविष्ट (Data Entry) गर्ने कर्मचारीलाई प्रति फाराम रु १०।–(दश) मात्र पारिश्रमिक दिने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

यस नगरपालिकावाट सम्पादन गर्ने घर नक्सा स्वीकृत सम्बन्धि कार्यलाई व्यवस्थित गर्न आ.ब. २०६९/०७० देखी लागु हुने गरी स्थायी नक्सा स्वीकृत दिंदा निर्माण सम्पन्न प्रमाण पत्र नलिंदा सम्मको रु २०००।– (दुई हजार) धरौटी वापत लिने र सम्बन्धित व्यक्तिले घर निर्माण सम्पन्न प्रमाण पत्र अनिवार्य लिनु पर्ने र निर्माण सम्पन्न प्रमाण पत्र लिएपछि धरौटी वापत लिएको रकम फिर्ता दिने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

## मिति २०६९।४।२२ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार

### निर्णय नं.१(एक)

आ.ब. २०६८।०६९ मा सम्पादित कार्यक्रमहरुको समिक्षा गर्न एवम प्रस्तावित कार्यक्रमहरु संसोधन प्रस्ताव गर्न परिषदको बैठक मिति २०६९ श्रावण २४ गते दिनको १.०० बजे बस्ने निर्णय गरियो ।

### निर्णय नं. २ (दुई)

श्री कृष्ण जन्माष्टमीको उपलक्ष्यमा कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मन्दिर समितिले आर्थिक सहयोग माग भई आएकोले सो कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको अनुदान दिने निर्णय गरियो ।

(क) श्री कालिमाई मन्दिर संचालक समिति, सिद्धार्थनगर –४ कचरीहवालाई रु २,५००।–(दुई हजार पाँच सय) मात्र ।
(ख) श्री राधा कृष्ण मन्दिर समिति, मालटोल सिद्धार्थनगर–१३ लाई रु ५०००।– (पाँच हजार) मात्र
(ग) शिव सेना नेपाल, जिल्ला कार्य समिति सिद्धार्थनगर रुपन्देहीलाई रु ३०००।– (तिन हजार) मात्र
(घ) श्री राधा कृष्ण मन्दिर, शान्तिनगर सिद्धार्थनगर–१३ लाई रु ४०००।– (चार हजार) मात्र

### निर्णय नं. ३ (तिन)

सिद्धार्थ नगरपालिकाले हाल साईकिल पार्किङ्ग शुल्क रु २।– लिई आएकोमा आगामी परिषदबाट अनुमोदन गर्ने गरी रु ३।–( तिन) कायम गर्ने निर्णय गरियो ।

## मिति २०६९।४।२४ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार

### निर्णय नं. १(एक)

यस नगरपालिकाको वार्ड नं. १(एक) बेलहिया स्थित हाल सार्वजनिक नीजी साभ्केदारीमा संचालीत स–शुल्क पर्किङ्ग स्थलमा न.पा. को दीर्घकालीन आयश्रोत वृद्धीका लागी व्यापारिक प्रयोजनार्थ सपिङ्ग कम्प्लेक्स र अण्डर ग्रराउण्ड पार्किङ्ग स्थल समेत रहने गरी भवन निर्माण प्रयोजनका लागी न.पा. समेतको लगानी रहने गरी डिजाईन निर्माण गर्न नगरविकास कोषमा अनुरोध गर्ने निर्णय गरियो ।

### निर्णय नं. २(दुई)

सिद्धार्थनगर नगरपालिका कार्यालय, आर्थिक प्रशासन महाशाखाबाट तयार गरी पेश भएको आ.ब. २०६८/०६९ को यथार्थ र आ.ब. २०६९/०७० को संसोधित आय व्यय विवरण पारीतका लागी मिति २०६९।४।२६ गते बस्ने परिषदको बैठकमा पेश गर्ने निर्णय गरियो । आय व्यय विवरण निम्नानुसार छ ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिकामा संचालित एकिकृत शहरी विकास परियोजना अर्न्तगत Community Development Programme (CDP) मार्फत न.पा. क्षेत्र भित्र पर्ने अति विपन्न वस्तिमा Pilot Project संचालित गरी सचेतनामुलक, भौतिक पूर्वाधार निर्माण, क्षमता विकास, खानेपानी धारा निर्माण, शौचालय निर्माण गरी सो वस्तिको विकास गर्ने कार्यक्रम अर्न्तगत वडा नं. ९, गोनहिया, रघुनाथपुरको प्राथमिकताको आधारमा P1 वस्तिलाई छनौट गरी कार्यक्रम संचालनको लागी रु ९,००,०००।– (अक्षरेपी नौ लाख मात्र) को ल. ई. स्वीकृत गरी पूर्व स्वीकृतको लागी DUDBC, PCO मा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

यस नगरपालिकामा लेखा शाखामा भएको पेश्की अभिलेख अनुसार असुल हुन नसकेको रकमवारे छानविन गर्न स्थानीय स्वायत्त शासन नियमावली २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को परिच्छेद ९ को नियम २०८ बमोजिम देहायको पदाधिकारी सदस्य रहेको असुल हुन नसकेको रकम छानविन समिति गठन गर्ने निर्णय गरियो ।

**समिति**

१. श्री कार्यकारी अधिकृत – संयोजक
२. श्री कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधी – सदस्य
३. श्री जिल्ला प्रशासन कार्यालय, अधिकृत स्तरको कर्मचारी – सदस्य
४.श्री कार्यकारी अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी – सदस्य - सचिव

**पुनश्च :** यस समितिको कार्यकाल ६ महिनाको रहने छ र समितिको पदाधिकारीहरुलाई बैठक भत्ता रु ५००।–(पाँच सय) समेत दिने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

मिति २०६९।३।२८ गते बसेको सर्वदलिय वैठकमा छलफल भई कार्यान्वयन हुन सिफारिश भए अनुसार सिद्धार्थनगर नगरपालिका क्षेत्रका जग्गाहरुलाई तीन क्षेत्र (कृषि, बसोवास र व्यापारिक) मा वर्गीकरण गरी एकिकृत सम्पत्ति कर प्रयोजनका लागि निम्नानुसार न्युनतम मुल्यांकन दर आगामी नगरपरिषदमा पेश गर्ने निर्णय गरियो ।

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. १ | |
| व्यापारिक क्षेत्र | सिद्धार्थ राजमार्ग (क) (भंसार गेट देखि क्वारेन्टाईन सम्म) ले छोएका जग्गाहरु | १० लाख |
| | कोटही माई पथले छोएका जग्गाहरु | ६ लाख |



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

| | | |
|---|---|---|
| आवासिय क्षेत्र | सिद्धार्थ राजमार्ग (ख) (क्वारानटाइन चेकपोष्ट देखि उत्तर डण्डा खोला सम्म) ले छोएका जग्गाहरु | ६ लाख |
| | अन्य पक्की सडकले छोएको जग्गा | ५ लाख |
| कृषि क्षेत्र | सिमा पथले छोएका जग्गाहरु | ८० हजार |
| | ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | ८० हजार |
| | बाटोले नछोएको जग्गा | ४० हजार |

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. २ | |
| आवासिय क्षेत्र | मैत्री पथले छोएका जग्गाहरु | ५ लाख |
| कृषि क्षेत्र | अन्य पक्की सडकले छोएको जग्गा | २ लाख ५० हजार |
| | ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | १ लाख ५० हजार |
| | वाटोले नछोएको जग्गा | ४० हजार |

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. ३ | |
| व्यापारिक क्षेत्र | सिद्धार्थ राजमार्ग (क) (हाटवजार पथ देखि दक्षिण आंखा अस्पताल सम्म) ले छोएका जग्गाहरु | १२ लाख |
| आवासिय क्षेत्र | सिद्धार्थ राजमार्ग (ख) (आंखा अस्पताल देखि डण्डा खोला पुल सम्म) ले छोएका जग्गाहरु | १० लाख |
| | मैत्री पथले छोएका जग्गाहरु | ६ लाख |
| | रंगशालापथले छोएको जग्गाहरु | ६ लाख ५० हजार |
| | अन्य पिच सडकले छोएको जग्गा | ५ लाख |
| कृषि क्षेत्र | ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | ३ लाख |
| | वाटोले नछोएको जग्गा | ६० हजार |

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. ४ | |
| आवासिय क्षेत्र | विमानघाट पथले छोएको जग्गा | ८ लाख |
| कृषि क्षेत्र | लुम्वीनी सडकले छोएको जग्गा | ६ लाख ५० हजार |
| | अन्य पिच रोडले छोएको जग्गा | २ लाख ५० हजार |
| | ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | १ लाख ५० हजार |
| | बाटोले नछोएको जग्गा | ४० हजार |



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. ५ | |
| व्यापारिक क्षेत्र | मैत्री पथ (क) (मिलन चौक देखि हाटबजार पथ चोक सम्म) ले छोएका जग्गाहरु | २२ लाख |
| | बैंक रोडले छोएका जग्गाहरु | ३० लाख |
| | नगरपालिका पथले छोएका जग्गाहरु | १५ लाख |
| | सिद्धार्थ राजमार्गले छोएको जग्गाहरु | १५ लाख |
| आवासिय क्षेत्र | मैत्री पथ (ख) (हाटबजार पथ चोक देखि खजहना चोक सम्म) ले छोएका जग्गाहरु | १२ लाख ५० हजार |
| | हाटवजार पथले छोएका जग्गाहरु | १२ लाख ५० हजार |
| | अन्य पिच रोडले छोएको जग्गा | ८ लाख |
| | ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | ५ लाख ५० हजार |
| कृषि क्षेत्र | वाटोले नछोएको जग्गा | ३ लाख |

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. ६ | |
| व्यापारिक क्षेत्र | विमानघाट पथले छोएका जग्गाहरु | १५ लाख |
| आवासिय क्षेत्र | अन्य पिच रोडले छोएको जग्गा | ८ लाख ५० हजार |
| | ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | ५ लाख |
| कृषि क्षेत्र | बाटोले नछोएको जग्गा | ७० हजार |

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. ७ | |
| व्यापारिक क्षेत्र | नारायण पथ छोएका जग्गाहरु | २३ लाख |
| | वसन्त पथ छोएका जग्गाहरु | १६ लाख |
| | नयां सडक (सिद्धार्थ राजमार्ग) छोएका जग्गाहरु | २१ लाख |
| आवासिय क्षेत्र | अन्य पिच सडकले छोएका जग्गाहरु | ८ लाख |
| | अन्य ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | ५ लाख |
| कृषि क्षेत्र | बाटोले नछोएको जग्गा | १ लाख |

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. ८ | |
| व्यापारिक क्षेत्र | नारायण पथले छोएको जग्गाहरु | २३ लाख |
| | सिद्धार्थ राजमार्गले छोएका जग्गाहरु (क) महेन्द्रपार्क देखि विद्युत अफिस सम्म | २० लाख |
| | लुम्बिनी सडकले छोएका जग्गाहरु (क) बुद्धचोक देखि कृषि सामग्री संस्थानको गोदाम सम्म | १७ लाख |
| आवासिय क्षेत्र | सिद्धार्थ राजमार्गले छोएका जग्गाहरु (ख) विद्युत अफिस देखि उत्तर | १५ लाख |
| | लुम्बिनी सडकले छोएका जग्गाहरु (ख) कृषि सामग्री संस्थानको गोदाम देखि पश्चिम | १२ लाख |
| | अन्य पिच सडकले छोएका जग्गाहरु | ९ लाख |
| | अन्य ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | ५ लाख |



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

| | | |
|---|---|---|
| कृषि क्षेत्र | वाटोले नछोएका जग्गाहरु | १ लाख |

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. ९ | |
| व्यापारिक क्षेत्र | सिद्धार्थ राजमार्गले छोएका जग्गाहरु (क) महेन्द्रपार्क देखि विद्युत अफिस सम्म | २० लाख |
| आवासिय क्षेत्र | सिद्धार्थ राजमार्गले छोएका जग्गाहरु (ख) विद्युत अफिस देखि उत्तर | १५ लाख |
| | दुमदुमवा, गोनहीया, मिश्रैालिया र उदयपुर बाहेकका अन्य पिच सडक ले छोएका जग्गाहरु | ४ लाख |
| | दुमदुमवा, गोनहीया, मिश्रैालिया र उदयपुर बाहेकका अन्य ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | ३ लाख |
| | दुमदुमवा, गोनहीया, मिश्रैालिया र उदयपुरका पिच सडकले छोएको जग्गाहरु | २ लाख ५० हजार |
| कृषि क्षेत्र | दुमदुमवा, गोनहीया, मिश्रैालिया र उदयपुरका ग्रावल, कच्चि सडकले छोएको जग्गाहरु | १ लाख ५० हजार |
| | बाटोले नछोएको जग्गा | ५० हजार |

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. १० | |
| आवासिय क्षेत्र | लुम्विनी सडकले छोएका जग्गाहरु | ७ लाख ५० हजार |
| कृषि क्षेत्र | पिच सडक मोहडामा पर्ने जग्गाहरु | ५० हजार |
| | अन्य ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | ४०हजार |
| | बाटोले नछोएको जग्गा | ३० हजार |

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. ११ | |
| कृषि क्षेत्र | पीच सडकले छोएका जग्गाहरु | ५० हजार |
| | अन्य ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | ४० हजार |
| | वाटोले नछोएका जग्गाहरु | ३० हजार |

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. १२ | |
| व्यापारिक क्षेत्र | नारायण पथ छोएका जग्गाहरु | २३ लाख |
| | बैंकरोडले छोएका जग्गाहरु | ३० लाख |
| | वसन्त पथ छोएका जग्गाहरु | १६ लाख |
| | नयां सडक (सिद्धार्थ राजमार्ग) छोएका जग्गाहरु | २१ लाख |
| आवासिय क्षेत्र | कालिकापथले छोएका जग्गाहरु | ८ लाख |
| | शान्ति पथले छोएका जग्गाहरु | ११ लाख |
| | अन्य पिच सडकले छोएका जग्गाहरु | ८ लाख |
| | अन्य ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | ५ लाख |
| कृषि क्षेत्र | बाटोले नछोएको जग्गा | १ लाख |



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

| क्षेत्र | स्थान | न्युनतम मुल्यांकन (प्रति कठ्ठा) |
|---|---|---|
| | वडा नं. १३ | |
| व्यापारिक क्षेत्र | बैंक रोडले छोएका जग्गाहरु | ३० लाख |
| | सिद्धार्थ राजमार्गले छोएको जग्गाहरु | १५ लाख |
| आवासिय क्षेत्र | मैत्री पथ (ख) (हाटबजार पथ चोक देखि खजहना चोक सम्म) ले छोएका जग्गाहरु | १२ लाख ५० हजार |
| | शान्तिपथले छोएको जग्गाहरु | ११ लाख |
| | हाटवजार पथले छोएका जग्गाहरु | १० लाख |
| | अन्य पिच रोडले छोएको जग्गा | ८ लाख |
| | ग्रावल, कच्ची सडक तथा गल्लीले छोएको जग्गा | ५ लाख |
| कृषि क्षेत्र | वाटोले नछोएको जग्गा | १ लाख |

नोटः बाटोले छोएको जग्गाको अधिकतम लम्वाई १२० फिट कायम गरिने छ । त्यस भन्दा पछिको जग्गालाई बाटोले नछोएको जग्गाको मुल्यांकनको आधारमा न्युनतम मुल्यांकन कायम हुनेछ ।

**संरचनाको मुल्यांकन**

| | क्षेत्र | संरचना प्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्का जोडाईमा ढलाई | | माटोको जोडाइमा ढलाई | | पक्का जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाई भै जस्ता वा टायल छाना | | सेड | |
| | | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | १४५० | १३५० | ९७० | ९०० | ७८० | ७२० | ६८० | ६३० | ३९० | ३६० |
| ख | आवासीय क्षेत्र | ११५० | १०५० | ७७० | ७०० | ६२० | ५६० | ५४० | ४९० | ३१० | २८० |
| ग | कृषि क्षेत्र | ८७० | ७८० | ५८० | ५०० | ४७० | ४३० | ४१० | ३६० | २३० | २१० |

ढुंगा वा इँटाको पर्खाल प्रति रनिङफिट रु. ५००

कच्ची घर एकमुष्ट रु १००००

**निर्णय नं. ६(छ)**

सिद्धार्थननगर नगरपालिका भित्र रहेका व्यवसायीहरुको वक्यौता उठाउन चैत्र (२०६८) महिनाको पहिलो हप्ता देखी टोली खटाउने गरी मिति २०६८।११।१७ मा बसेको महाशाखा, शाखा, उपशाखा, इकाई, प्रमुख तथा वार्ड सचिवको संयुक्त बैठकबाट निर्णय भएको हुदा सम्बन्धित वडामा खटिने कर्मचारीले उठाएको रकमको १०% (दश) प्रतिशतले हुन आउने रकम प्रोत्साहन स्वरुप भत्ता दिने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

# सिद्धार्थनगर नगरपालिका कार्यालय

सिद्धार्थनगर, रुपन्देही

*D:\ADM\Admintration\nirnay utar Mld\Nirnay utar_mlad_sawan.docx*




फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np